10 November 2024

National News

मुख्य समाचार

- झारखण्ड विधानसभा चुनाउका लागि प्रचार अभियान चरममा
- भाजपाले सधैं आदिवासीहरूको हित र कल्याणलाई ध्यानमा राखेको श्री मोदीको भनाई
- अनुसन्धान र नवाचार क्षेत्रमा गरिने लगानीलाई उपराष्ट्रपतिले वर्तमान र भविष्यका लागि सही निवेश बताउनुभयो
- सात भारतीय शैक्षिक संस्थान विश्वका शीर्ष सय संस्थानहरूमा
- महिला एशियन हकी च्याम्पियन्स ट्रफी भोलिदेखि सुरु हुँदै
- दोस्रो T-20 म्याचमा भारत र दक्षिण अफ्रिकामाझ भिडन्त हुँदै

झारखण्ड प्रचार अभियान

झारखण्ड विधानसभा चुनाउका निम्ति  विभिन्न राजनीतिक दलका वरिष्ठ नेताले पहिलो चरणको प्रचारको अन्तिम चरणमा विभिन्न स्थानमा तिव्रताका साथ प्रचारप्रसार गरेर आफ्ना उम्मेदवारहरूको पक्षमा समर्थन जुटाउने प्रयास गरिरहेका छन्।

यस क्रममा प्रधानमन्त्री एवम् भाजपाका वरिष्ठ नेता श्री नरेन्द्र मोदीले आज गुम्ला र बोकारोमा जनसभालाई सम्बोधन गर्नुभयो। उहाँले भाजपा-एनडीए सरकार "सबका साथ, सबका विकास" को मन्त्रमा प्रतिबद्ध छ, भन्नुभयो।

भाजपाले सधैं आदिवासीहरूको हित र कल्याणलाई ध्यानमा राखेको  प्रधानमन्त्रीले बताउनुभएको छ। उहाँले भन्नुभएको छ, आदिवासी दाजुभाइ तथा दिदीबहिनीहरूको आकांक्षा र आत्मसम्मान भाजपाको लागि सधैं सर्वोपरि रहेको छ।

श्री मोदीले भन्नुभयो, विगत १० वर्षमा भाजपा सरकारले राज्यलाई ३ लाख करोड रुपियाँभन्दा बढी दिएको छ। उहाँले भन्नुभयो, झारखण्ड हामीले बनाएका हौं, विकास पनि हामी गर्नेछौं।

श्री मोदीले झारखण्ड मुक्ति मोर्चा सरकारको आलोचना पनि गर्नुभयो। श्री मोदीले भन्नुभयो, हामी शिक्षा, आवास, रोजगारी जस्ता सुविधा दिन चाहन्छौं। उहाँले राज्यमा भाजपाको सरकार बनेमा भ्रष्टाचारीविरुद्ध कडा कारबाही गरिने बताउनुभयो।

अर्कोतिर, झारखण्ड मुक्ति मोर्चाका वरिष्ठ नेता तथा झारखण्डका मुख्यमन्त्री श्री हेमन्त सोरेनले आफूविरुद्ध भाजपाले केन्द्रीय अनुसन्धान एजेन्सीको दुरुपयोग गरेको आरोप लगाउनु भएको छ।

राँचीमा एक जनसभामा, श्री सोरेनले भन्नुभयो, जनताले सबै गतिविधिहरूमा देखेका छन्, बुझेका छन् र चुनाउमा भाजपालाई उचित जवाफ दिनेछन्।

यसैबीच, श्री हेमन्त सोरेनको आरोपको खण्डन गर्दै, झारखण्ड भाजपा प्रमुख श्री बाबूलाल मराण्डीले भन्नुभएको छ, केन्द्रीय एजेन्सीले आफ्नो काम गरिरहेको छ। श्री मराण्डीले श्री हेमन्त सोरेनको सरकार देशकै सबैभन्दा भ्रष्ट सरकार भएको आरोप लगाउनु भयो।

कंग्रेस, आरजेडी, अखिल झारखण्ड विद्यार्थी संघ र वामपन्थी दलका नेताहरूले पनि राज्यका विभिन्न भागहरूमा ऱ्यालीहरू गरिरहेका छन्।

८१ जना सदस्य रहेको राज्य विधानसभाका लागि यही महिनाको १३ र २० तारिक गरी दुई चरणमा मतदान हुनेछ। मतगणना २३ नोभेम्बरमा हुनेछ।

<u>धनकड-अग्रसेन समाज</u>

उपराष्ट्रपति श्री जगदीप धनखडले अनुसन्धान र नवाचार क्षेत्रमा गरिने लगानी नै वर्तमान र भविष्यका लागि सही निवेश हो भन्नुभएको छ । उहाँले आविष्कार र अनुसन्धान अर्थतन्त्रको वास्तविक संवाहक भएको बताउनुभएको छ । आज नयाँ दिल्लीमा महाराजा अग्रसेन टेक्निकल एजुकेशन सोसायटीको  रजत जयन्ती समारोहको समापन समारोहमा उपराष्ट्रपतिले यस्तो विचार साझा गर्नुभएको हो ।

उपराष्ट्रपतिले व्यापार, वाणिज्य र उद्योगमा संलग्न व्यक्ति व्यवस्थाको दवाउमा आउनु हुँदैन भन्नुभयो। उहाँले भन्नुभयो, यिनीहरू समृद्धिका निर्माता, रोजगारदाता, अर्थतन्त्रका संवाहक र सामाजिक सद्भावका लागि योगदानकर्ता र समाजमा सम्मानका पात्र हुन् ।

उपराष्ट्रपतिले व्यापार, व्यवसाय, वाणिज्य र उद्योगसँग सम्बन्धित व्यक्तिले समाजको सेवा गर्ने बताउनुभयो । उहाँले भारतको स्वतन्त्रता आन्दोलनमा पनि उनीहरूको महत्वपूर्ण योगदान रहेको जनाउनुभयो ।

## महाराष्ट्र घोषणापत्र

महाराष्ट्रमा, भारतीय जनता पार्टी र विपक्षी गठबन्धन महाराष्ट्र विकास अघाडीले आज आगामी विधानसभा चुनाउका लागि आ-आफ्नो घोषणापत्र जारी गरे ।

केन्द्रीय गृहमन्त्री तथा भारतीय जनता पार्टीका वरिष्ठ नेता श्री अमित शाहले आज मुम्बईमा महाराष्ट्र विधानसभा चुनावका लागि पार्टीको घोषणापत्र-संकल्प पत्र जारी गर्नुभयो।

यस अवसरमा श्री शाहले भन्नुभयो, बीजेपीको संकल्प पत्र राज्यका जनताको आकांक्षाको प्रतिबिम्ब हो।

## QS विश्वविद्यालय ऱ्याकिङ

सात भारतीय शैक्षिक संस्थानले विश्वका शीर्ष सय संस्थाहरूमा स्थान सुरक्षित गरेका छन्। QS वर्ल्ड यूनिवर्सिटी ऱ्याङ्किकङः एशिया 2025 ले विश्वका शीर्ष १०० विश्वविद्यालयहरूको सूची सार्वजनिक गरेको छ। जसमा इन्डियन इन्स्टिच्युट अफ टेक्नोलोजी-आईआईटी, दिल्ली ४४औँ स्थानमा रहेको छ भने आईआईटी, बम्बई ४८औँ स्थानमा छ । आईआईटी मद्रास, आईआईटी खड़गपुर, आईआईटी कानपुर अनि दिल्ली विश्वविद्यालय शीर्ष सयमा पर्न सफल भएका छन्।

I.I.T. गुवाहाटी, I.I.T. रुड़की, जवाहरलाल नेहरू विश्वविद्यालय, चंडीगढ़ विश्वविद्यालय, U.P.E.S. र भेल्लोर इन्स्टिच्युट अफ टेक्नोलोजी जस्ता संस्थानहरू शीर्ष 150 मा समावेश भएका छन्। पूर्व, दक्षिणी, दक्षिण पूर्व र मध्य एसियाका २५ देशका ९८४ संस्थानको कार्यसम्पादनका आधारमा यो ऱ्याङ्किकङ तयार गरिएको हो ।

## मण्डवीया पद यात्रा

युवा मामिला तथा खेलकुद मन्त्री डा. मनसुख माण्डवीयाले आदिवासी गौरव दिवसको अवसरमा बुधबार छत्तीसगढको जसपुरमा माइ भारत युथ स्वयंसेवकहरूसँग पदयात्रामा सहभागिता जनाउनु हुनेछ। यस अवधिमा राज्यका मुख्यमन्त्री श्री विष्णुदेव साई र राज्यका मन्त्रीहरू पनि उपस्थित हुनुहुनेछ।

भगवान बिरसा मुण्डाको जन्मजयन्तीको अवसरमा यस विशेष कार्यक्रम मार्फत उहाँको विरासत र देशको विकासमा आदिवासी समुदायको महत्वपूर्ण योगदानलाई स्मरण गरिने छ।

## दिल्ली - इलेक्ट्रिक वाहन रैली

केन्द्रीय मन्त्री श्री मनोहर लालले आज दिल्लीको मेजर ध्यानचन्द स्टेडियमबाट झण्डा देखाएर इलेक्ट्रिक वाहन रैली शुभारम्भ गर्नुभयो। यस अवसरमा उहाँले विद्युतीय वाहन सेवा कार्यक्रमको पनि उद्घाटन गर्नुभयो।  श्रीलालले आफ्नो सम्बोधनमा विद्युतीय सवारी साधनले प्रदूषण न्यूनीकरणमा महत्वपूर्ण योगदान पुऱ्याउने बताउनुभयो ।

## श्रीलंका आईएनएस भेला

भारतीय नौसेनाको पनडुब्बी आईएनएस भेला तीन दिनका लागि आज कोलम्बो पुगेको छ। पनडुब्बीलाई श्रीलंकाली नौसेनाले औपचारिक रूपमा स्वागत गरेको थियो। यस अवधिमा पनडुब्बी चालक दलका सदस्यहरू र श्रीलंकाली नौसेनाका बीचमा विभिन्न अभ्यासहरू हुने छन्।

डिजेल र बिजुलीबाट चल्ने INS Vela पनडुब्बी नोभेम्बर 2021 मा भारतीय नौसेनामा सामेल भएको थियो।

भारतीय नौसेना र कोस्ट गार्डका जहाज र पनडुब्बीहरूद्वारा श्रीलंकाका बन्दरगाहहरूमा नियमित भ्रमणले दुई सामुद्रिक राष्ट्रहरू बीचको द्विपक्षीय सहयोगलाई बलियो बनाउन महत्त्वपूर्ण भूमिका खेल्छन्। यसले भारतको 'छिमेक पहिलो' नीति र प्रधानमन्त्री श्री नरेन्द्र मोदीको 'सागर' पहल अर्थात् यस क्षेत्रका सबैका लागि सुरक्षा र विकासको दृष्टिकोणलाई झल्काउँछ।

## एसियन हकी

महिला एशियन हकी च्याम्पियन्स ट्रफी–२०२४ भोलिदेखि बिहारको राजगीरमा सुरु हुनेछ । मुख्यमन्त्री श्री नितिश कुमारले भोलि साँझ यस अन्तर्राष्ट्रिय खेल प्रतियोगिताको उद्घाटन गर्नुहुनेछ। प्रतियोगितामा भारतसहित चीन, जापान, मलेसिया, थाइल्याण्ड र कोरिया गरी ६ टीमको सहभागिता रहेको छ । प्रतियोगिताको समापन 20 नोभेम्बरमा हुनेछ। उद्घाटन खेल भोलि दिउँसो जापान र कोरियाबीच हुनेछ ।

दिल्ली-पुलिस च्याम्पियनशिप

दिल्लीका उपराज्यपाल श्री विनय कुमार सक्सेनाले आज नयाँ दिल्लीको जवाहर लाल नेहरू स्टेडियममा 73औं अखिल भारतीय पुलिस एथलेटिक्स क्लस्टर च्याम्पियनशिप 2024-25 को शुभारम्भ गर्नुभयो। यस पाँच दिवसीय च्याम्पियनशिपमा सबै राज्य, केन्द्रशासित प्रदेश अनि केन्द्रीय सुरक्षा बलका 39 टीमसहित एक हजार एकसयभन्दा धेरै खेलाड़ीले सहभागिता जनाएका छन्। च्याम्पियनशिपको समापन 14 नोभेम्बरमा हुनेछ।

क्रिकेट- टी20

भारत र दक्षिण अफ्रिकामाझ अहिले केबेरा सेन्ट जर्ज पार्कमा दोस्रो T-20 म्याच शुरु भएको छ। यसभन्दा अघि गत शुक्रबार भएको पहिलो म्याचमा भारतले आयोजक दक्षिण अफ्रिकालाई 61 रनले पराजित गरेर चार म्याचको सिरिजमा एक शुन्यको अग्रता बनाएको छ।